# फालेलुङ गाउँपालिका पाँचथरको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम वक्तव्य

## फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थकेपुङ, पाँचथर

नेपाल

**फालेलुङ गाउँलपालिका, थकेपुङ, पाँचथरका उपाध्यक्ष श्री महेन्द्र हाङ जवेगु "फुङनिमा" ज्यूले सम्वत २०८० साल असार १० गते आईतबार गाउँ सभामा प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

**सम्मानित सभा अध्यक्षज्यू ,**
**गाउँ सभा सदस्यज्यूहरू,**

फालेलुङ गाउँपालिका गाउँ सभाको सातौँ वर्षे अधिवेशन सम्पन्न गर्न आज हामी यस सभाकक्षमा उपस्थित भएका छौं। यस सुखद उपलक्ष्यमा नेपाल र नेपाली जनताको स्वतन्त्रता, सार्वभौमिकता, स्थानीय स्वायत्तता र स्वशासन, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र शंघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एंव शहीदहरु तथा बेपत्ता र पिडित नागरिकहरुको उच्च सम्मान गर्दै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनमा जीवनको बलिदान दिने शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जी अर्पण गर्दछुं।

"समृद्ध नेपाल र सुखी नेपाली" भन्ने हाम्रो राष्ट्रिय लक्ष्य अनुसार समृद्ध, सुखी र खुसी गाउँपालिका बनाउने हाम्रो साझा लक्ष्य हो। आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा यी विषयहरुलाई अहम् महत्व दिइनु नितान्त जरुरी छ। औचित्यपूर्ण निर्णयहरु, स्रोत र साधनको न्यायोचित वितरण एवं उच्च सदुपयोगको संस्कृति निर्माण तथा तद्अनुसारको आचरण ग्रहण गर्नु हाम्रो साझा दायित्व हो। साथै जनताको प्रत्यक्ष निगरानी र सहभागितामा क्रमशः वृद्धि गर्दै जानु वर्तमान परिस्थितिको आवश्यकता र राष्ट्रिय लक्ष्य प्राप्तिको लागि अनिवार्य शर्त पनि हो।

स्थानीय सरकार स्रोत, साधन र अधिकारबाट सम्पन्न हुँदै गर्दा चुनौँती समेत थप भएर गएका छन्। वि.स. २०८० साल असार २ गतेदेखी परेको अविरल वर्षाको कारणबाट फालेलुङ गाउँपालिकाका अरबौं बराबरको भौतिक सम्पत्ती ध्वस्त भएको तितो यथार्थ रहेको छ। उक्त घटनाबाट भएको मानवीय क्षतिले भावविहोर बनाएको छ। विकास र परिवर्तनबाट मुहार फेर्दै गरेको फालेलुङ गाउँपालिका यस विपदबाट धेरै पछाडी परेको छ। यस अवस्थामा वैज्ञानिक र तथ्यपरक अध्ययन प्रतिवेदले सिफारिस गरेका भौतिक संरचनामा भूसंवेदनशिलताका आधारमा लगानी गर्न आवश्यक रहेको देखिन्छ। यस घटनाबाट क्षति भएका भौतिक संरचनामा पूर्ण लगानी गर्न पालिकासँग आर्थिक सामार्थ नरहेको हुँदा दातृ निकाय, संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्नु आवश्यक देखिएको छ। विपदमा परी ज्यान गुमाएका फालेलुङका जनताप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै विपदमा परेका परिवारलाई गाउँपालिकाले गर्ने सहयोग निरन्तर रुपमा रहेको जानकारी गराउँदछु।

आर्थिक वर्ष २०८०/०८१ को गाउँपालिका विकासको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको अनुसूची-८ मा गरेको व्यवस्था, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्ने प्रयास गरिएको छ। साथै आ.ब. ०८०।०८१ का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्रस्तुत बजेटले लिएका नीति र कार्यक्रम, दीगो विकासका लक्ष्यको स्थानीकरण गरी नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु

मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन लाई आधार मानी गाउँपालिका विकास योजना तयार गरिएको छ।

संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँ गाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैं बनाऔं जस्ता सिद्धान्तहरुलाई मूर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ। यो हाम्रो लागि अवसर र चुनौति दुवै हो। अधिकार, स्रोत साधन, बजेट,सुशासन, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ। हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं अप्रत्क्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु।

**सम्मानित सभाध्यक्ष ज्यू ,**
**गाउँ सभा सदस्यज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम संचालनका लागि गाउँपालिकाले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु।

**क) आर्थिक विकास सम्बन्धि नीति**

१. साना सिँचाई कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ भित्रमा १० वटा साना सिँचाई आयोजना सम्पन्न गर्नका लागि गाउँपालिकाबाट रु. १ करोड ४९ लाख वजेट म्याचिङ फण्डको रुपमा विनियोजन गरि स्विस सहयोग नियोग, नेपाल सरकार र प्रदेश सरकारको साझेदारीमा सम्पन्न गरी सिँचित क्षेत्रको विस्तार गरिनेछ।

२. माटो सुहाउँदो वालि विकासका लागि माटो जाँच मिनि ल्याब स्थापना गरि संचालनमा ल्याईनेछ।

३. फलफूल बालीको विस्तारका लागि व्यवसायिक फलफूल तथा फलफूल वगैँचा सुदृढीकरण कार्यक्रम संचालनमा ल्याईनेछ।

४. तरकारी उत्पादनमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन तथा निर्यात पवर्द्धनका लागि जोड दिईनेछ।

५. खाद्यान्य बाली विकासका लागि उन्नत विऊ वितरणलाई जोड दिइनेछ।

६. खानेतेल उत्पादनमा आत्मनिर्भर भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिईनेछ।

७. "प्रत्येक घर-घर, कम्तिमा दुध प्रतिदिन ५ लिटर" भन्ने नाराका साथ प्रति लिटर रु.१ दुग्ध उत्पादक कृषकलाई प्रोत्साहन वापत रकम उपलब्ध गरी दुधजन्य उत्पादनमा व्यापक बृद्धिका लागि दुग्ध उत्पादन अनुदान कार्यक्रम संचालन गरी कृषि क्षेत्रलाई आकर्षित पेशाको रुपमा विस्तार गरिनेछ।

८. उपलब्ध दक्ष प्राविधिक जनशक्ती मार्फत पशु ल्याब तथा पशु शल्यक्रिया कक्ष संचालन मार्फत पशुधनको स्वास्थ्य सुधार गरी पशुपालन पेशालाई थप सुरक्षित बनाईनेछ।

९. "चौंरी महोत्सव, आन्तरिक र वाह्य पर्यटकको उत्सव" भन्ने नाराका साथ सातौं चौरी महोत्सवको लागि निरन्तरता प्रदान गरी पर्यटन उद्योगलाई गाउँपालिकाको मेरुदण्डको रुपमा विकास गरिनेछ।

१०. पशु महामारी तथा परजीवि नियन्त्रणमा जोड दिई पशु स्वास्थ्यलाई सुनिश्चित गरिनेछ।

११. "कृषिमा प्रविधि, फालेलुङको समृद्धि" भन्ने नाराका साथ कृषि तथा पशु विकासका क्षेत्रमा विकास भएर मात्र आर्थिक विकासले गति लिन हुँदा कृषकहरुलाई विभिन्न कृषि सामग्री, प्रविधि हस्तान्तरण लगायतका कृयाकलाप सञ्चालन गर्नको लागि बजेट विनियोजन गरिनेछ।

१२. तरकारीमा आत्मनिर्भर बनाउनका लागि कृषकहरुलाई निशुल्क बिउबिजन वितरणको लागि कृषि पकेट क्षेत्र पहिचानका लागि प्राविधिक सर्वेक्षण गर्न बजेट व्यवस्थापन गरिनेछ।

१३. कृषक तथा पशुपालक समुहहरु मार्फत मात्र कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ।

१४. गाउँपालिका क्षेत्रभित्रका सुख्खा क्षेत्र तथा उच्च उत्पादन बोकेका क्षेत्रलाई लक्षित गरि कृषि सेवाबाट जनताको आवश्यकता र माग बमोजिम प्लाष्टिक पोखरी, टनेल र साना सिँचाई योजनाहरुलाई उच्च प्राथमिकतामा राखि क्रमशः कार्यान्वयन गरिनेछ।

१५. व्यवसायीक कृषि फर्म तथा पशु फर्महरुलाई पशुपालनबाट आत्मनिर्भर बनाउन आवश्यक पहल गर्नुका साथै कृत्रिम गर्भाधारण समेतको व्यवस्था गरी नश्ल सुधार गरिनेछ।

१६. गोठ तथा खोर सुधार कार्यक्रम ल्याइनेछ।

१७. पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ।

१८. होटल व्यवसायको स्थानीय उत्पादन क्षमता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१९. पर्यटन र संस्कृति प्रर्वद्धन गर्न एक छुट्टै शाखा तथा कर्मचारीलाई जिम्मेवारी तोकि तादारुकताका साथ कार्य गरिनेछ।

**(ख) सडक तथा भौतिक पूर्वाधार विकास सम्बन्धि नीति**

१. गाउँपालिकाका सबै वडालाई सडक सञ्जालमा जोडी बाह्रै महिना यातायातको सहज पहुँच पुर्याउन सडक सुधार तथा नालि निर्माणमा जोड दिईनेछ।

२. गाउँ सभाबाट स्वीकृत भएको पुर्वाधार तर्फका कार्यक्रमहरुलाई समयमा नै सम्पन्न गर्नका लागि वार्षिक खरिद योजना बनाई कार्यान्वयन गरिनेछ।

३. सडक, पर्यटन तथा खानेपानीको क्षेत्रहरुको डिपिआर तयार गरी कार्यक्रम संचालन गरिनेछ।

४. स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै अधिकतम जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ।

५. गाउँपालिकामा सडक सञ्जाल विस्तार गर्न, गाउँपालिका क्षेत्रभित्रका मोटरबाटोहरु मर्मत तथा विपत व्यवस्थापनमा सहयोग गर्नको लागि गाउँपालिकाले खरिद गरेको व्याक-हो-लोडरलाई व्यवस्थित तवरले परिचालन गरिनेछ।

६. फालेलुङ गाउँपालिकामा वर्षाको कारण विभिन्न खोला, खोल्साहरुमा सडक यातायात संचालन हुन नसक्ने गरि विग्रिने भएको हुँदा वर्षायामको बेला सडक पहुँचको लागि आवश्यक व्यवस्था गरिनेछ।

७. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न गर्नको लागि वजेटको व्यवस्था गरिनेछ।

८. Detail Project Report,आयोजनाको प्रकृति हेरी IEE, EIA को कार्य सम्पन्न भएपछि मात्र कार्यक्रम अघि बढाईनेछ।

९. यस वर्षको बाढी/पहिरोले गर्दा निर्माणाधिन पक्की पुल तथा निर्माण भईसकेका पक्की मोटरेवल पुल समेत ध्वस्त भएको हुँदा पुनः मोटरेवल पुल निर्माण गर्नका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ।

१०. यस वर्षको बाढी/पहिरोले गर्दा अति प्रभावित वडा नं. ३ र ४ मा यातायात सुचारुलाई व्यवस्थित गर्न उच्च प्राथामिकता लिईनेछ।

११. संघीय तथा प्रादेशिक सशर्त अनुदान, समपुरक अनुदान, विषेश अनुदानका कार्यक्रमहरुको सकभर श्रावण वा भाद्रमा नै ठेक्का आव्हान गर्ने व्यवस्था मिलाई समयमा नै योजना सम्पन्न गरिनेछ।

**(ग) शिक्षा, युवा, खेलकुद तथा सामाजिक विकास सम्बन्धि नीति**

१. सामुदायिक विद्यालयमा छात्राहरुलाई प्रोत्साहन गर्न स्यानीटरी प्याड वितरणलाई व्यवस्थित गरिनेछ।

२. संघिय सरकारबाट सशर्त अनुदान वापत प्राप्त भएको दिवा खाजा कार्यक्रमलाई स्थानीय रैथाने उत्पादनसँग आवद्ध गरी सबै सामुदायिक विधालयहरुमा प्रभावकारी रुपमा लागु गरिनेछ।

३. "हाम्रा छोरा-छोरी, सबै जना कक्षा ११-१२ का विद्यार्थी" भन्ने नाराका साथ विद्यार्थीहरुलाई निःशुल्क भर्ना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. फालेलुङ गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुको भवनमा एकै किसिमको पहेंलो रङ प्रयोगको लाग प्राथामिकता दिईनेछ।

५. विद्यालयको अनुगमन तथा मूल्याङ्नलाई आधुनिक तथा प्रविधिमा आधारित बनाउन विशेष जोड दिईनेछ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको छोरा-छोरीहरुलाई पहिलो चरणमा अनिवार्य सामुदायिक विद्यालयमा नै पठन-पाठनको गर्ने गराउने व्यवस्था मिलाईनेछ।

६. शिक्षामा गुणस्तर अभिबृद्धि गर्नका लागि कक्षा ५ र ८ को परीक्षा प्रणालीलाई सशक्त बनाउनका लागी "गाउँपालिका स्तरीय परीक्षा, आधारभूत तहको समिक्षा" भन्ने नाराका साथ प्रभावकारी रुपमा संचालन गरिनेछ।

७. मा.वि. गणित, अङ्ग्रजी तथा विज्ञान विषयमा विद्यार्थीको सिकाई क्षमतालाई बृद्धि गर्नका लागि शिक्षकलाई तालिमको व्यवस्था गर्नुका साथै प्राथामिक शिक्षालाई आधार स्तम्भको रुपमा विकास गर्न शिक्षकलाई दक्ष तथा थप क्षमतावान बनाउनका लागि आवश्यक पहल गरिनेछ। सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको सकेसम्म तीन-तीन वर्षको अवधि पुरा गरेपछि सरुवा गर्ने प्रणालीको विकास गरिनेछ।

८. "फालेलुङको मौलिक विशेषता, विद्यार्थीमा ज्ञानको आवश्यकता" भन्ने नाराका स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन ल्याईनेछ।

९. स्थानीय मातृभाषाको पठन पाठनको लागि "वहालवाला शिक्षक, मातृभाषाको संरक्षक" भन्ने नाराका साथ वहालवाला शिक्षकहरुको क्षमता बृद्धि गरी स्थानीय मातृभाषाको पठन पाठन लाई प्रभावकारी बनाईनेछ ।

१०. प्राविधिक धारका विद्यालयलाई थप वजेटको व्यवस्थापन गरिनेछ ।

११. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका नागरिकलाई दिईने भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्ने गरि निरन्तरता दिईनेछ । उक्त भत्तालाई जिविकोपार्जन, आर्थिक उपार्जनमा सहयोगीको रुपमा लिईने नीति अबलम्बन गरिनेछ ।

१२. सामाजिक सुरक्षाको वितरण प्रणालीलाई छिटो, छरितो तथा प्रविधिमा आधारित बनाउँदै सामाजिक सुरक्षा भत्तालाई गाउँ कार्यपालिकाबाटै सिधै विद्युतीय रकम हस्तान्तरण (EFT) गर्नको लागि लागु गरिनेछ ।

१३. सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउनका लागि प्राईम बैंकसँग मूर्त रुपमा छलफल गरी कार्यान्वयन गरिनेछ ।

१४. "हाम्रा सन्तती, भोलिका सम्पति" भन्ने नाराका साथ अपाङ्गता भएका शिशुहरुको जन्मलाई रोकी वालावस्थामै उपचारको प्रबन्ध गर्दै अपाङ्गता भएका व्यक्तिका परिवारलाई आत्मनिर्भर बनाउनका लागि करुणा फाउण्डेशनसँग प्राविधिक सहकार्य गरिनेछ ।

१५. अपाङ्गता भएका वयक्ति, महिला, दलित, एकल महिला, अशक्त, असाहाय अवस्थामा रहेका तथा आर्थिक रुपमले विपन्न नागरिकालाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ ।

१६. खेलकुद विकासका लागि वजेटको व्यस्थापन गरिनेछ ।

१७. "बसौं-बसौं, फालेलुङ" भन्ने नाराका साथ वसाईसराई गरी जानेलाई निरुत्साहित गर्दै वसाईसराई गरी अन्य स्थानबाट यस पालिकामा आउनेको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१८. "एक दम्पति, कहिले हुन्न विपत्ती" भन्ने नाराका साथ सम्बन्ध विच्छेदलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

**घ) स्वास्थ्य सम्बन्धि नीति**

१. स्वास्थ्यमा आम नागरिकको पहुँचमा अभिवृद्धिका लागि नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधीहरुलाई सबै स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क तथा सहज तवरले वितरण गर्नका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।

२. निःशुल्क वितरण गरिने औषधीका बारेमा आम नागरिकलाई जानकारी दिनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. पशु र कृषि विमाका साथै स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन वजेटको व्यवस्था गरिनेछ ।

४. स्वास्थ्य क्षेत्रका तथ्याङ्कलाई व्यवस्थित गर्नका लागि प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्नका लागि कडाईका साथ अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

६. २४ सै घण्टा संचालनमा रहेका वर्थिङ सेन्टरहरुमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ। स्वास्थ्य संस्थामा खाली दरबन्दी भएको अवस्थामा तत्कालै कर्मचारीहरुको नियुक्तीलाई नियमित गरिनेछ।

७. महिला स्वास्थ्य स्वयमसेविकाहरुको लागि प्रोत्साहनका लागि सञ्चार, खाजा तथा यातायात खर्च वापत मासिक संचार खर्चको व्यवस्था गरिनेछ।

८. कुपोषणबाट अति प्रभावित बालबालिकाहरुको स्वास्थ्यमा पर्याप्त ध्यान दिईनेछ। उपचार गर्न गाउँपालिकाको प्राविधिक क्षमताले नसकिने बालबालिकाहरुलाई सम्बन्धित निकायमा सिफारिस गरि पठाईनेछ।

९. नेपालको संविधानले सम्पूर्ण नेपालीहरुलाई न्युनतम आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता अनुरुप स्वास्थ्य संस्थाहरुको लागि चाहिने न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयनको लागि उचित रकम व्यवस्थापन गरिनेछ।

१०. स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ।

११. जेष्ठ नागरिक, असक्त, अपाङ्गहरुको मासिक रुपमा घरदैलो भेटघाट तथा निजहरुको समग्र अवस्थाको बारेमा जानकारी लिई तदअनुरुप कार्यक्रम संचालनका लागि प्राथामिकता दिईनेछ।

१२. गर्भवती महिलाहरुको लागि निःशुल्क क्याल्सियम, फोलिक एसिड वितरण गरिनेछ।

१३. सामाजिक मनोपरामर्श सेवा कार्यक्रम संचालन गरिनेछ।

१४. गाउँपालिकामा स्थापना भएका स्वास्थ्य ल्यावको दिगो संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ।

१५. विपन्न नागरिक स्वास्थ्य सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ। विपन्न नागरिक औषधि उपचार खर्चलाई गाउँपालिकाबाट उपलब्ध गरि सोधभर्ना गर्ने नीति लिईनेछ।

**ङ) फोहोर मैला व्यवस्थापन तथा वन वातावरण सम्बन्धि नीति**

१. फालेलुङ गाउँपालिकाबाट उत्पादन भएको फोहोरलाई सुरक्षित र व्यवस्थित रुपमा व्यवस्थापन गर्नको लागि एक ल्याण्ड फिल्ड साइट निर्माण तथा फोहोर मैला व्यवस्थापन नीति तयारमा परामर्श लिनका लागि आवश्यक बजेटको व्यवस्था गरि विभिन्न निकायहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ।

२. गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण मैत्री बनाउन आवस्यक नीति तयार गरी कार्यान्वयन गरिनेछ।

३. स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेरका सामुदायिक वनहरुको वार्षिक कार्ययोजना तर्जुमा एवं नविकरण गर्न अनिवार्य स्वीकृत गराइनेछ।

४. बहुमुल्य तथा लोपोन्मुख जडिबुटी तथा वनस्पतिहरुको संरक्षण र संवर्द्धन गरी अबैध चोरी निकासीलाई निरुत्साहित गरिनेछ।

**च) विपद व्यवस्थापन सम्बन्धी नीति**

१. गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष र राहत उद्धार कोषको व्यवस्थाको लागि वजेट विनियोजन गरिनेछ।

२. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण तथा संवर्द्धनमा जोड दिइनेछ ।

३. दैविक प्रकोप तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरुलाई तत्काल स्थलगत रुपमा नगद तथा राहत हस्तान्तरण गरिनेछ।

४. विपद कार्ययोजना निर्माण गरिनेछ। विपद कार्ययोजनाले औल्याएका क्षेत्रमा बजेट व्यवस्था गरिनेछ ।

५. गाउँपालिकाका सरकारी कार्यालयको सार्वजनिक सम्पत्ती चट्याङ जस्ता प्राकृतिक प्रकोपबाट बचाउनका लागि कार्यालयमा अनिवर्य रुपमा अर्थिङको व्यवस्था गरिनेछ।

**छ) संस्थागत सुशासन, सेवा प्रवाह तथा सुचना प्रविधि सम्बन्धि नीति**

१. आ.व. २०८०।०८१ देखि पालिका तथा सबै वडामा राजश्व संकलन स्थानीय संचित कोष प्रणाली (SuTRA) द्धारा संकलन गरि पारदर्शि बनाइनेछ।

२. सबै तहबाट संचालन हुने कार्यक्रमहरुमा कार्यन्वयन गर्न कार्यक्रम संचालन निर्देशिका तयार गरि लागु गरिनेछ।

३. कार्यपालिकाको बैठकका निर्णयहरु, वेब साइट तथा संचार माध्यम मार्फत सार्वजनिक गर्ने व्यवस्था अवलम्बन गरिनेछ।

४. नागरिक सहायता कक्ष, सुचना अधिकारी, नागरिक वडापत्र, उजुरी पेटिका, गुनासो पेटिका, प्रवक्ता तथा खर्च सार्वजनिकरण व्यवस्थालाई प्रभावकारी बनाईनेछ।

५. "जनताको कारवाही सार्वजनिक सुनुवाई" भन्ने नाराका साथ गाउँपालिकाले आफुले संचालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ। साथै विषयगत क्षेत्रवाट संचालन भएको सेवा र कार्यक्रमहरुको समेत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाइनेछ।

६. "उत्कृष्ट काम, जनजनमा नाम" भन्ने नाराका साथ कर्मचारीहरु तथा शिक्षकहरुको कार्यक्षमताको मुल्याङ्कन गरी उत्कृष्ठ कार्य गर्ने कर्मचारी/शिक्षकलाई पुरस्कृत गरिनेछ।

७. खरिद व्यवस्थापनलाई स्थानीय संचित कोष प्रणालीसँग अनिवार्य रुपमा आवद्ध गरिनेछ।

८. कर्मचारीहरुको क्षमता विकास गर्नको लागि तालिमको व्यवस्था गरिनेछ।

९. मुस्कान सहितको सेवा प्रवाहलाई विस्तार गर्दै कार्यालय समय वाहेक समेत आकस्मिक सेवा प्रवाह व्यवस्थापनका लागि व्यवस्था गरिनेछ।

१०. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधारको रुपमा शाखागत बेरुजुलाई लिने नीति अबलम्बन गर्दै अविलम्व वेरुजु फछर्योट गर्न/गराउन लगाई शुन्य वेरुजुको नीति लिईनेछ।

११. सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी तथा भ्रष्टाचार मुक्त वनाई सुशासनको प्रत्याभूती गराउन कठोर कदम चालिनेछ।

**ज) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धि नीति**

१. स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र रहेको जनसंख्या, भाषा , संस्कृति , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पती, रोजगार, संचार जस्ता अत्यावश्यक तथ्याङकहरुलाई संकलन तथा अध्यावधिक गर्न विद्युतिय बस्तुगत विवरण आद्यावधिक गर्नुका साथै वडा सीमाना र स्थाननाम सहितको संकेत समेतको व्यवस्था गरिनेछ।

३. जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेदलगायत व्यक्तिगत घटना तथा विवरणहरुको अनिवार्यरुपमा दर्ता गरि अभिलेखिकरण गर्न अभिप्रेरित गरिनेछ।

४. न्यायिक समितिबाट भएको निर्णय व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ।

५. न्याय

६. न्यायिक अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गर्दै लगिनेछ।

**झ) घरनक्सा सम्बन्धि नीति**

१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी,सार्वजनिक तथा सरकारी भवनहरु गाउँपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई प्रभाकारी वनाइनेछ।

२. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०६० लाई पूर्णतः पालना गराइनेछ।

३. फालेलुङ गाउँपालिकाको नक्सा पासको व्यवस्था घोषणा हुनु पूर्व साविक गा.वि.स. भित्र निर्माण भएका घरहरुलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको दायरामा ल्याइनेछ।

४. भवन सम्पन्नताको प्रमाणपत्र दिदाँ सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरु हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइनेछ।

५. भवन निर्माण गर्दा आउन सक्ने संभावित र्दुघटनालाई मध्यनजर गरी निर्माणकर्ता र निर्माण श्रमिकहरुको बीचमा करार गरी बिमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

६. घरजग्गा पास उपशाखाको संचालनको लागि कर्मचरीको व्यवस्थापन गरीनेछ।

७. भूःउपभोग नीति तथा डिजिटाईजेशनलाई कार्यान्वयनमा ल्याईनेछ।

**ञ) राजस्व अभिबृद्धि सम्बन्धि नीति**

१. करका दरहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ।

२. करको दायरामा नआएका क्षेत्रहरुलाई करको दायरामा ल्याइनेछ।

३. गाउँपालिका क्षेत्रभित्र सम्पती करलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४. राजश्व संकलनलाई व्यवस्थित गर्न, राजश्व चुहावट रोक्न तथा राजश्व संकलनलाई पारदर्शि बनाउन स्थानीय संचित कोषको प्रयोगलाई अनिवार्य प्रयोग गरिने छ।

५. "गाउँपालिकालाई कर, समृद्द गाउँ बनाउने रहर" भन्ने नाराका साथ गाउँपालिकालाई आवधिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गरिनेछ । वडागत विकास बजेट एवं भुक्तानीमा आन्तरिक आयको अनुपातलाई सहभागितात्मक वाँडफाँड गर्ने नीति लिईनेछ ।
६. फालेलुङ गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसायहरुलाई व्यवसाय दर्ता र नविकरणलाई प्रभावकारी वनाइने नीति लिईनेछ ।
७. नयाँ करका क्षेत्रको पहिचान गरिनेछ । फालेलुङ-५ फलेके भन्ने स्थानमा संघीय सरकारको कर संकलन केन्द्र (छोटी भन्सार) स्थापनाको लागि पहल गरिनेछ ।
८. पर्या पर्यटनलाई फालेलुङ गाउँपालिकाको कर संकलनको मेरुदण्ढको रुपमा विकास गरिनेछ ।
९. करमा हुने दोहोरोपनालाई कम गरिनेछ ।

**ट) वडा विकास कार्यक्रम सम्बन्धि नीति**

१. स्थानीय आवश्यकता अनुसारका विषयगत कार्यक्रमहरु तथा विकास निर्माणका कार्य संचालन गर्न वडालाई छुट्टै सिलिङ निर्धारण गरि कार्यक्रम संचालन गर्न स्वायत्तता दिइनेछ ।
२. वडा सिलिङबाट सम्बोधन हुन नसकेको कार्यक्रमहरु गाउँपालिकाबाट प्रथामिकताका आधारमा सम्बोधन गरिने तथा पालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरु सम्बन्धित निकायमा रकम मागको लागि सिफारिस गरिनेछ ।
३. वडा कार्यालयमा सेवा प्रवाहमा सहयोगको लागि व्याकप, कम्प्युटर,ल्यापटप तथा प्रिन्टर खरिद गर्ने तथा इन्टरनेट सेवालाई गुणस्तरीय बनाइनेछ ।

**ठ) महिला तथा वालवालिका सम्बन्धी नीति**

१. महिलाहरुलाई ससक्तिकरणको लागि सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
२. महिलाहरुलाई अत्मनिर्भर बनाउनका लागि कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।
३. आमा समुह, महिला समुह तथा महिला लक्षित संस्थाहरुको संस्थागत विकासको लागि कार्यक्रम संचालन गरिनेछ ।
४. बालविकास केन्द्रका वालवालिका तथा शिक्षाबाट वंञ्चित भएका वालवालिकाहरुलाई शिक्षाको दायरामा ल्याउनको लागि विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
५. पारिवारीक आर्थिक अवस्था न्यून रहेको वालवालिकाहरुलाई लक्षित गरि कार्यक्रमहरु संचालन गरिनेछ ।

**ड) खानेपानी सम्बन्धी नीति**

१. विपदले ३ नं र ४ नं वडाका विभन्न स्थान लगायतका विभिन्न क्षेत्रमा निम्त्याएको खानेपानी समस्यालाई दिर्घकालिन रुपमा समाधान गर्न बजेटको व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
२. सुख्खाग्रस्त क्षेत्रहरुमा खानेपानी उपलब्धतालाई व्यवस्थित गर्न पहल गरिनेछ ।
३. खानेपानी मुहान संरक्षण योजना संचालन गरिनेछ ।

४. स्वच्छ खानेपानीमा आम नागरिकको पहुँचमा अभिवृद्धि गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

**ढ) अन्य नीति**

१. संघ प्रदेशसँग समपुरक साझेदारी कार्यविधि बमोजिम बजेट व्यवस्था गरिनेछ।
२. संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।
३. अन्य स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।
४. नेपाल विद्युत प्राधिकरण फिदिम केन्द्रसँग सहकार्य गर्दै तथा झोलुङ्गे पुलको संरक्षण गर्न कर्मचारी व्यवस्थापन गरिनेछ।
५. विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।
६. "सबै सरकार, हाम्रो समृद्दीको साझेदार" भन्ने नीतिलाई अँगिकार गरिनेछ।

**सम्मानित सभा अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

चालु आ.व. ०७९।०८० को संशोधित यथार्थ एवम् आगमी आ.व. ०८०।०८१ आय तथा व्ययको अनुमान प्रस्तुत गर्दछु।

आ.व. ०७९।०८० मा चालु तर्फ रु. ३७,८४,७३,०००/- (अक्षरेपी सठतिस करोड चौँरासी लाख त्रिहत्तर हजार) रकमको आय अनुमान भएकोमा हाल सम्म रु. २५,५९,१६,५६०.३६ (अक्षरेपी पच्चिस करोड उनान्साठ्ठी लाख सोह्र हजार पाँच सय साठी रुपैँया तीन छ पैसा) अर्थात चालु बजेटको ६७.६२ प्रतिशत प्रगति भएको देखिन्छ। त्यसै गरी पुँजिगत तर्फ रु.२०,३५,०२,०००।- (अक्षरेपी विस करोड पैतिस लाख दुई हजार) विनियोजन भएकोमा हाल सम्म रु. १२,५३,३५,२५८/- (अक्षरेपी बाह्र करोड त्रिपन्न लाख पैतिस हजार दुई सय अन्ठाउन्न रुपैया) खर्च भई कुल पुँजिगत बजेटको ६१.५९ प्रतिशत प्रगति भएको देखिन्छ। कतिपय योजनाहरु संन्चालन भई रहका र यस आर्थिक वर्षको केहि समय बाँकी रहेकोले प्रगतिमा वृद्धि हुने अनुमान गरिएकोछ । चालु आ.व. २०७९/०८० मा संघीय सरकारको वित्तीय समानिकरण रु. १,३४,००,०००/- (अक्षरेपी एक करोड चौतिस लाख) र प्रदेश सरकार समानिकरण रु. ७,१२,५००/- (सात लाख बाह्र हजार पाँच सय) वरावरको रकम कट्टी भएकोले गर्दा अनुमानित विनियोजन समेतमा प्रभाव परी धैरै योजना कट्टी तथा आगामी आ.व. २०८०/०८१ मा भुक्तानीको लागि दायित्व सृजना भएको छ।

आगामी आ.व. ०८०।०८१ को लागि चालु खर्च तर्फ रु.३७,८४,८७,६००।० (अक्षरेपी सठतिस करोड चौरासी लाख सतासी हजार छ सय रुपैयाँ) र पुँजीगत तर्फ रु.१६,०८,५७,८००।० (अक्षरेपी सोह्र करोड आठ लाख सत्ताउन्न हजार आठ सय रुपैयाँ) गरि कुल जम्मा रु. ५३,९३,४५,४००।० (अक्षरेपी त्रिपन्न करोड त्रियानब्बे लाख पैतालिस हजार चार सय पचास रुपैया) विनियोजन गरिएकोछ।

उक्त विनियोजनमा तपसिल बमोजिम क्षेत्रगत अनुमान गरि विनियोजन गरिएको छ।

क) आर्थिक विकास तर्फ रु. ८,८६,३७,०००।- (आठ करोड छयासी लाख सठतिस हजार)

ख) सामाजिक विकास तर्फ रु. २८,४१,०७,०००।- (अठाईस करोड एकचालिस लाख सात हजार),

ग) पूर्वाधार विकास तर्फ रु. ८,१४,३७,०००।- (अक्षरेपी आठ करोड चौध लाख सठतिस हजार),

घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. २८,१५,०००।- (अक्षरेपी अठाईस लाख पन्ध्र हजार)

ङ) कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. ८,२३,४८,०००।- (अक्षरेपी आठ करोड तेइस लाख अठचालिस हजार)

**सभा अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्यज्यूहरु**

फालेलुङ गाउँपालिकाका विकास योजनालाई स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने क्रममा, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, फालेलुङ गाउँकार्यपालिका परिवार, गाउँकार्यपालिकाको कार्यालय परिवार लगायत सम्बद्ध पक्षले पुर्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदाँ सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यसका साथै योजना तर्जुमा प्रक्रियामा जसरी यहाँहरुको साथ सहयोग रहेको छ आगामी योजनाहरुको सफल कार्यान्वयनको लागि समेत सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

**प्रस्तोता**

महेन्द्रहाङ जवेगु "फुङनिमा"

उपाध्यक्ष

मिति : २०८०।०३।१०

**Contact No.- 9852684108 (Chairperson), 9842728126 (Vice Chairperson) and 9852684104 (Chief Admistrative Officer)**

**Email:- phalelunggaunpalika@gmail.com**

**Website:- https://phalelungmun.gov.np**